ज्ञानराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

कार्यालयमा सुचना प्रकाशित मिति: २०७७/१२/११

**निःशुल्क प्राथमिक स्वास्थ्य सेवाका अत्यावश्यक औषधी तथा सर्जिकल सामान खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**शिलवन्दी** दरभाउपत्र नं. ०२/२०७७/७८

यस नगरपालिका कार्यालय अन्तर्गत स्वास्थ्य संस्थाहरुवाट आ.व. २०७७/७८ मा निःशुल्क रुपमा वितरण गर्नको लागि अत्यावश्यकीय औषधी तथा सर्जिकल सामानहरु सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले औषधी व्यवस्था विभागवाट इजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सहरुवाट देहायका सर्तहरुका अधिनमा रही यो सिलवन्दी वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१. कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. ३०००।० (अक्षेरुपी तिनहजार रुपैंया मात्र) फिर्ता नहुने गरी यस जैमिनी न.पा को ग्लोबल आईएमई बैंक लि कुस्मीशेरा शाखामा रहेको ग १.१ आन्तरिक राजस्व खाता नं. ४५०४०१००००००५ मा नगद वुझाएको सक्कल आम्दानी रसिद, आ.व. २०७७/७८ सम्मका लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, औषधी व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पव्लिकद्वारा प्रमाणित गरिएका प्रतिलिपीहरु निवेदन साथ संलग्न राखि रु. १०/को टिकट टांसी कार्यालय समय भित्र वोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस जैमिनी नगर कार्यपालिकाको कार्यालय कुस्मीशेरा वाग्लुङ्गवाट, दरभाउपत्र फारम खरिद गर्न सक्नेछन् ।

२. दरभाउपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजेभित्र सिलवन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० वजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । सिलवन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३ सिलवन्दी दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र जमानत वापत रु. **६३,३७५**।- त्रिसठ्ठी हजार तिन सय पचहत्तर रुपैया मात्र ग्लोवल आइ.एम.ई बैक लि.कुश्मीसेरा बागलुङ स्थित जैमिनी नगरपालिकाको धरौटी खाता नं ४५०१०१००००१२३ मा नगदै जम्मा गरेको सक्कल भौचर यस कार्यालयबाट जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको विड वण्ड सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

४ दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको मू.अ.कर वाहेकको इकाई मूल्यलाई अंक र अक्षरमा स्पष्ट वुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ । केरमेट भएको ठाउंमा सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्नेछ ।

५. यस नगरपालिकाको हितलाई ध्यानमा राख्दै प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सिलवन्दी दरभाउपत्रमा उल्लेख भएको औषधी तथा सर्जिकल सामानहरुको परिमाणमा थपघट समेत हुन सक्ने छ । यसरी परिमाणमा थपघट भएता पनि दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । साथै स्वीकृत भएको दररेट २०७८ साल असार मसान्त सम्मको लागि मान्य हुने छ ।

६. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र नै दर्ता गराउनु पर्नेछ । यस कार्यालयवाट प्रमाणित नभएको र एक फर्मले ख़रिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै छांयाप्रति तयार गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. दरभाउपत्रदाताले दरभाउपत्रसाथ आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा संलग्न गर्नु पर्ने छ ।

८. दरभाउपत्रको स्वीकृति आईटमवाईज नगरी समग्र प्याकेजमा वोलकवोल अंक मध्ये न्यूनतम मूल्यका आधारमा गरिने छ ।

९. औषधीको म्यादको हकमा औषधीहरु दाखिला हुने समयमा कम्तीमा १८ महिनाको Expiry Date वांकी भएको हुनु पर्नेछ । तर कुनै औषधीको जम्मा Expiry Date १८ महिना भन्दा कम अवधिको हुने भएमा जम्मा Expiry Date कुल अवधिको ७५ प्रतिशत म्याद वांकी भएको हुनुपर्ने छ ।

१०. म्याद नाघि आएको, रित नपुगेको र सर्त राखि पेश भएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन ।

११. सप्लाई हुने औषधीको प्रत्येक प्याकिङको वाहिर उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं., तथा "Supply for Ministry of Health & Population Nepal, नेपाल सरकारवाट निःशुल्क वितरणका लागि " भन्ने वाक्यांश उल्लेख हुनुपर्ने छ ।

१२. सप्लाई हुने औषधीहरु WHO/GMP प्राप्त कम्पनीवाट उत्पादन भएको हुनु पर्नेछ । स्वदेशी औषधीको हकमा WHO/GMP Certificate को प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । विदेशी औषधीहरुको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१३. दरभाउपत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारीक व्यक्ति स्वंय उपस्थित हुनु पर्नेछ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप , आफ्नो लेटर प्याडमा **“दरभाउपत्र खरिद गरि पांउ”** भन्ने निबेदन पेश गरेमा दरभाउपत्र खरिद गर्न सकिने छ ।

१४. दरभाउपत्र सम्वन्धी अन्य कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी वुझ्न सकिने छ ।

१५. यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संसोधन सहित) वमोजिम हुनेछ ।

| सि. नं | दरभाउपत्र नं | बिबरण | ईस्टिमेट अंक मु.अ.क.सहित | धरौटी रकम २.५% | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/२०७७/७८ | औषधि तथा सर्जिकल सामान खरिद | रु. २५३४३९५।- | रु. ६३३७५।- | |

नातराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत
जैमिनी नगरकार्यपालिकाको कार्याल
कुश्मीसेरा, बागलुङ

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा बागलुङ २०७३